आज मिति २०७४ साल पौष महिनाको २५ गतेका दिन यस धवलागिरि गाउँपालिका गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री थमसरा पुन ज्यूको अध्यक्षतामा बसी देहायका पदाधिकारीहरुको उपस्थितिमा देहायका प्रस्तावहरुमाथी छलफल गरि देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिती

| | | | |
|---|---|---|---|
| थमसरा पुन | अध्यक्ष | | |
| श्याम हल्याल | उपाध्यक्ष | | |
| कक बहादुर हल्याल | वडा अध्यक्ष | वडा नं | १ |
| राम प्रसाद मिश्र | ,, | ,, | २ |
| पूर्ण पुन | ,, | ,, | ३ |
| वेग प्रसाद घर्ति | ,, | ,, | ४ |
| खड्ग कुमारी हल्याल | ,, | ,, | ५ |
| राजाराम उपाध्याय | ,, | ,, | ६ |
| कलानिधी शर्मा | ,, | ,, | ७ |
| सुवादेवी पुर्जा | मनोनित सदस्य | | |
| श्रीमती चित्रमाया घर्ति | ,, | ,, | |
| तिल कुमारी के.सी | ,, | ,, | |
| बाल कुमारी सुनार | ,, | ,, | |
| राम बहादुर वि.क. | ,, | ,, | |
| देउप्रसाद हल्याल | ,, | ,, | |
| अर्जुन शर्मा | सचिव गाउँ कार्यपालिका कार्यालय | | |

## प्रस्तावहरु

१) प्राविधिक कर्मचारी (इन्जिनियर र सब इन्जीनियर) सम्बन्धमा
२) पाइप खरिद सम्बन्धमा
३) वडा नं. ६ मराङको योजनान्तर सम्बन्धमा
४) ल्याब उपकरण व्यवस्थापन सम्बन्धमा
५) उधोग वाणिज्य महासंघ म्याग्दीको म्याग्दी महोत्सव सम्बन्धमा
६) खेलकुद कार्यक्रम संचालन सम्बन्धमा

## निर्णयहरू:-

नि.नं.१. प्रस्ताव नं. १ माथि छलफल गरी यस धवलागिरी गा.पा. मा प्राविधिक कर्मचारीको अभावले योजना कार्यान्वयनमा कठिनाई भएकोले, यस कार्यालयमा इन्जिनियर र सब-इन्जिनियरको दरबन्दी रिक्त रहेकोले सो रिक्त पदमा करारमा नियुक्तिको लागि र प्रतिनिधिहरू तहबाट पदपूर्तिको लागि एक-एक जना को लागि विज्ञापन खुलाउने निर्णय गरियो। साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशन बमोजिम ICT officer को लागि पनि विज्ञापन गर्ने निर्णय गरियो।

नि.नं.२.

प्रस्ताव नं. २ माथि छलफल गरी यस धवलागिरी गा.पा. को भैपरी आउने कामका प्रयोग गर्ने तथा विभिन्न मर्मत कार्यको लागि गाउँपालिकाको निर्णय बमोजिम प्रयोग गर्ने गरी २१०० मिटरको २० mm र १४०० मिटरको २५ mm को पाइप खरिद गर्ने निर्णय गरियो। साथै सो पाइपलाई टेलिभिजन टावरको भवन निर्माणमा पानीको श्रोत जुटाउन प्रयोग गर्ने र सो कार्यको लागि टेलिभिजन टावर निर्माण योजना शिर्षकबाट बाँकी रहन गएको बजेटबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

नि.नं.३.

प्रस्ताव नं. ३ माथि छलफल गरी वडा समितिको बैठकबाट निर्णय भए बमोजिम गाउँसभाबाट पारित योजनाहरू मध्ये सामाजिक विकास तर्फ "कललेनी टुरिजम क्याम्पिङ भवन निर्माण" लाई "जमुना आमा समूह भवन निर्माण" मा र "हरिहर भवन पुननिर्माण" लाई "हरिहर भवन मर्मत" (तला थप) गर्ने गरी योजनान्तर गर्ने निर्णय गरियो।

नि.नं.४.

प्रस्ताव नं. ४ माथि छलफल गरी ताकुम स्वास्थ्य चौकीमा ल्याब संचालनको लागि कर्मचारीको व्यवस्था गाउँपालिकाले गरेकोले सोको व्यवस्थापनको लागि ल्याब उपकरण उपलब्ध गराउन जिल्ला स्वास्थ्य कार्यालय मार्फत राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई अनुरोध गर्ने निर्णय गरियो।

नि.नं. ५.

प्रस्ताव नं. ५ माथि छलफल गरी उद्योग वाणिज्य संघ म्याग्दीले म्याग्दी महोत्सव संचालनको लागि सहयोग माग गरेको सन्दर्भमा यस गाउँपालिकाका स्थानीय उत्पादन प्रवर्द्धन समेतलाई ध्यानमा राखि गाउँपालिकाको तर्फबाट आफ्नै आउने मितिबाट व्यवस्था हुने गरी रु. २०००००।- (अक्षरुपी दुई लाख रुपैयाँ मात्र) सहयोग गर्ने निर्णय गरियो।

नि.नं. ६.

प्रस्ताव नं. ६ माथि छलफल गरी गाउँसभाबाट पारित अन्य लक्षित कार्यक्रम अन्तर्गत प्रथम र दोस्रो वडाध्यक्षतर्फ विनियोजित बजेटबाट धवलागिरी गा.पा. वडा स्तरीय प्रथम अध्यक्ष कप महिला र पुरुष भलिबल प्रतियोगिता संचालन गर्ने र सो प्रतियोगिताबाट खेलाडी छनोट गरी गाउँपालिका स्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगितामा म्याग्दी महोत्सवमा सहभागी गराउने निर्णय गरियो। साथै खेलकुद कार्यक्रमको संयोजकको रुपमा उपाध्यक्ष रेशम दुल्याललाई तोक्ने निर्णय गरियो।